नेपाल ईट्टा उद्योगको लागि सामाजिक आचारसंहिता

विरेन्द्र रजावार्ज

ICIMOD

MinErgy Pvt. Ltd

UKaid
from the British people

हिमेश श्रेष्ठ

यस सामाजिक आचारसंहिताले ईट्टा उत्पादन क्षेत्रमा वातावरणीय न्याय तथा पारदर्शी श्रम अभ्यासलाई प्रोत्साहन गर्नेछ भन्ने अपेक्षा राखिएकोछ । यस सामाजिक आचारसंहिताले न्यायोचित श्रम व्यवस्थापन अभ्यासका निम्ति आधार निर्माण गर्दै उद्योगमा संलग्न महिला तथा पुरुष श्रमिकहरूको कार्यस्थल तथा वासस्थानमा सुधार ल्याउनेछ ।

पृष्ठभूमि

नेपालमा ईट्टा उत्पादनलाई अनौपचारिक क्षेत्रमा गणना गरिन्छ र यो क्षेत्र अत्यन्तै श्रम निर्भर छ । नेपालभरका झन्डै ११ सय उद्योगमा करिब ३ लाख महिला तथा परुष श्रमिक कार्यरत छन् । यी श्रमिक तथा तिनका परिवारको कार्यस्थल तथा वासस्थानमा सुधार ल्याउनका निम्ति नेपाल ईट्टा उद्योग महासंघले अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) तथा मिनर्जी (MinErgy) का सहकार्यमा ईट्टा उत्पादन क्षेत्रकालागि सबैभन्दा पहिलो आचारसंहिता विकास गरेको छ ।

१९ जिल्लाका ईट्टा संघका अध्यक्ष, ५ प्रदेश समिति संयोजकहरु, तथा नेपाल ईट्टा उद्योग महासंघका (FNBI) ८ सदस्यले नेपालमा ईट्टा उत्पादनमा यस सामाजिक आचारसंहिताको सान्दर्भिकता सुनिश्चित गर्न सहयोग पुऱ्याए । जिल्ला ईट्टा संघहरूका २४ प्रतिनिधिहरुले २०७६ साल असार १३ र १४ काठमाडौँमा आयोजना गरिएको राष्ट्रियस्तरको कार्यशालामा आचारसंहिताको मस्यौदा लेखनमा योगदान दिंदै त्यसको अनुमोदन पनि गरे ।

यस सामाजिक आचारसंहिताले

१) नेपाल ईट्टा उद्योग महासंघलाई ईट्टा उत्पादनमा संलग्न महिला र पुरुष (तथा तिनका बालबालिकासमेत) को कार्यस्थल तथा वासस्थानमा सुधार ल्याउन साझा जिम्मेवारी लिन आवश्यक संरचना प्रदान गर्नेछ ।

२) नीतिनिर्माताहरूसँग ईट्टा उत्पादनमा संलग्न महिला तथा परुष श्रमिकहरूका मुद्धाबारे छलफल गर्ने आधार निर्माण गर्नेछ ।

सामाजिक आचारसंहिताको अवश्यकता किन ?

यो मस्यौदा सामाजिक आचारसंहिता नेपाल सरकारको श्रम ऐन (२०७४), ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४) तथा बालबालिका सम्बन्धि ऐन (२०७५) बमोजिम छ । नेपाल सरकारले जारी गरेका विभिन्न ऐन नियम तथा निर्देशिकामा भएका केही बुंदाहरु मौसमी तथा संरचनात्मक कठिनाईले व्यवहारमा उतार्न नसकिने तथा केही बुंदाहरु व्यवहारिकतामा उतार्न दिर्घकालीन

समय लाग्ने देखिन्छ । तसर्थ यस आचारसंहिता मार्फत महासंघले आफ्ना सदस्य उद्योगहरुमा ऐन नियम तथा अन्य मानवीय आचरणहरु लागू गर्न यो आचारसंहिता जिल्ला संघ तथा प्रदेश समिति संगको व्यापक परामर्श तथा सहमतिमा तयार गरिएको हो ।

सामाजिक आचारसंहिताको संरचना

यसमा रहेका ४ मुख्य सिद्धान्तले ईट्टा उत्पादन क्षेत्रमा संलग्न महिला तथा पुरुष श्रमिकहरूको कार्यस्थल तथा वासस्थानमा प्रभाव पार्ने तत्वहरूको प्रतिनिधित्व गर्छन् । यी मुख्य सिद्धान्त यस प्रकार छन् – बालश्रमको प्रभावकारी अन्त्य, श्रमका शर्तमा पारदर्शिता, कार्यस्थलमा आधारभूत सुविधा तथा महिला श्रमिककालागि सुरक्षित कार्यस्थल । यी सिद्धान्तलाई थप १९ मापदण्डमा विभाजन गर्दै प्रत्येक मापदण्डका लागि प्रमाणीकरण सूचकहरु तोकिएका छन् । प्रत्येक मापदण्डले सम्बन्धित सिद्धान्तलाई परिभाषित गर्दछ तथा त्यसका सूचकले आवश्यक मूल्यांकन सूची निर्धारण गर्दछ ।

सिद्धान्त १: प्रभावकारी रुपमा बालश्रमको अन्त्य

१.१ मापदण्डः कानूनी अभिभावक बिनाका १४ बर्ष मुनीका बालबालिकाहरुलाई उद्योगमा आउने तथा काममा संलग्नता गराउने छैन

१.२ मापदण्डः अभिभावक सगै आएका १४ बर्ष मुनीका बालबालिकाहरुलाई श्रममा संलग्नता लगाउने छैन

१.३ मापदण्डः १५ देखि १८ बर्ष भित्रका बाल-बालिकाहरुलाई बिशेष परिस्थिति र शर्तमा मात्रै श्रममा संलग्नता लगाउने

सिद्धान्त २: रोजगारका शर्तहरुमा पारदर्शीता

२.१ मापदण्डः आवश्यक आधिकारीक र प्रामाणिक अभिलेख सहित रोजगारीको अवस्था भएको

२.२ मापदण्डः बैंक मार्फत पारिश्रमिकको भुक्तानी गरिने

२.३ मापदण्डः न्यूनतम ज्यालाको व्यवस्था गरिएको

२.४ मापदण्डः पुष मसान्त भित्र आन्तरिक लेबर अडिट गरिएको

सिद्धान्त ३: कार्यस्थलमा आधारभूत सुविधा

३.१ मापदण्डः सुरक्षित आवासको व्यवस्था गरिएको

३.२ मापदण्डः महिला तथा पुरुष कामदारहरुको लागि अलग अलग शौचालयको व्यवस्था गरिने

३.३ मापदण्डः सफा पानीको व्यवस्थामा पहुँच भएको

३.४ मापदण्डः प्राथमिक स्वास्थ्य सेवामा पहुँच भएको

३.५ मापदण्डः बत्तिमा पहुँच भएको

३.६ मापदण्डः व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका उपाय अविलम्बन गरिएको

३.७ मापदण्डः व्यक्तिगत दुर्घटना बिमा भएको

३.८ मापदण्डः चिकित्सा बिमाको व्यवस्था गरिएको

३.९ मापदण्डः बिश्राम गर्ने समयको व्यवस्था गरिने

सिद्धान्त ४: महिला श्रमिककोलागि सुरक्षित कार्यस्थल रहने

४.१ मापदण्डः गुनासो तथा विवाद व्यवस्थापन प्रणाली अवलम्बन गरिने

४.२ मापदण्डः एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग आवास व्यवस्था गरिएको ।

४.३ मापदण्डः गर्भवती महिलाहरुकोलागि स्वास्थ्य सेवामा पहुँच भएको ।

४.४ मापदण्डः दिवा शिशु स्याहार केन्द्रमा पहुँच भएको

सिद्धान्त १: प्रभावकारी रुपमा बालश्रमको अन्त्य

१.१ मापदण्डः कानूनी अभिभावक बिनाका १४ बर्ष मुनीका बालबालिकाहरुलाई उद्योगमा आउने तथा काममा संलग्नता गराउने छैन् ।

औचित्य

नेपाल सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ अन्तर्गत १४ बर्ष मुनीका बालबालिकालाई कुनै पनि श्रममा संलग्न गर्न निषेध गरिएको आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले बालबालिकाको शिक्षा, स्वास्थ्य, खेल्ने, आराम गर्ने तथा परिवारसंग समय बिताउने अधिकारलाई महत्व दिइएको छ । यस अतिरिक्त कानूनी अभिभावक बिना उद्योगमा आउने बालबालिकाहरु दुर्व्यबहार, बेचबिखन, हिंसा जस्ता अति जोखिममा रहेको मुद्दा लाई पनि यसले सम्बोधन गर्ने आशा गरिएको छ ।

मापन सूचक

- "१४ बर्ष मुनीका बालबालिकालाई (कानूनी अभिभावक बिना) उद्योगमा नल्याउने तथा काममा नलगाउने" भन्ने बुंदा कामदार र उद्योग व्यवस्थापन बिच सम्झौतापत्रमा उल्लेख गरिएको ।

- उद्योगमा आएका १४ बर्ष मुनीका बालबालिका (कानूनी अभिभावक बिना) लाई जिल्ला संघको रोहबरमा आफ्ना अभिभावकलाई फिर्ता गर्न अथवा पुनर्मिलन गर्ने लिखित अभ्यास र अभिलेख राखिएको ।

१.२ मापदण्डः अभिभावकसगै आएका १४ बर्ष मुनीका बालबालिकाहरुलाई श्रममा संलग्नता लगाउने छैन् ।

औचित्य

नेपाल सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ अन्तर्गत १४ बर्ष मुनीका बालबालिकालाई कुनै पनि श्रममा संलग्न गर्न निषेध गरिएको आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले बालबालिकाको शिक्षा, स्वास्थ्य, खेल्ने, आराम गर्ने तथा परिवारसंग समय बिताउने अधिकारलाई महत्व दिइएको छ । यस अतिरिक्त

बालबालिकाहरुले अभिभावकलाई उत्पादन प्रक्रियामा सहयोग पुऱ्याउन्दै गर्दा शिक्षाको पहुँचबाट बाहिरिने मुद्दालाई पनि यसले सम्बोधन गर्ने आशा गरिएको छ ।

मापन सूचक

- उद्योगमा आएका १४ बर्ष मुनीका बालबालिका र सम्पूर्ण कामदारको उमेर खुल्ने आधिकारिक अभिलेख राखिएको ।
- "१४ बर्ष मुनीका बालबालिकालाई श्रममा नलगाउने" भन्ने बुंदा श्रमिक र उद्योग व्यवस्थापन बिच सम्झौतापत्रमा उल्लेख गरिएको ।

१.३ मापदण्डः १५ देखि १८ बर्ष भित्रका बालबालिकाहरुलाई बिशेष परिस्थिति र शर्तमा मात्रै श्रममा संलग्नता लगाउने ।

औचित्य

नेपाल सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ अन्तर्गत १५ देखि १८ बर्ष भित्रका बालबालिकालाई कुनै पनि श्रममा परिस्थिति र शर्तमा मात्रै श्रममा संलग्नता लगाउन पाउने दफाको आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ ।

सञ्जय शर्मा

नबिन बराल

मापन सूचक

- १५ देखि १८ बर्ष भित्रका बालबालिकाहरुको कानूनी अभिभावक द्धारा काम गर्न दिइएको स्वीकृति पत्रको अभिलेख राखेको ।
- १५ देखि १८ बर्ष भित्रका बालबालिकाहरुले काम गर्न मिल्ने सशर्तहरु उल्लेख भएको सम्झौता पत्रको अभिलेख राखेको ।
- १५ देखि १८ बर्ष भित्रका बालबालिकाहरुको सूची सम्बन्धित निकायमा अभिलेख दिइएको ।

सिद्धान्त २: रोजगारका शर्तहरुमा पारदर्शीता

२.१ मापदण्ड: आवश्यक आधिकारीक र प्रामाणिक अभिलेख सहित रोजगारीको अवस्था भएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत सम्झौता बिना श्रममा लगाउन नपाइने भन्ने दफाको आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले आधिकारिक अभिलेख मार्फत कामदारको कर्तव्य तथा अधिकारको सुरक्षा र सुनिश्चित गर्नेलाई महत्व दिइएको छ । यस अतिरिक्त ज्याला सहित अन्य रोजगारीका अवस्थाहरुमा पारदर्शीताको साथै कामदारको अभिलेख व्यवस्थित गर्न मद्दत पुऱ्याउने छ ।

मापन सूचक

- ज्याला, रोजगारको अवस्था र अन्य सेवा सुविधा स्पष्ट खुलेको दुबै पक्षले हस्ताक्षर गरिएको लिखित तथा आधिकारीक सम्झौता पत्र ।
- अधिकतम दैनिक ८ घण्टा वा साप्ताहिक ४८ घण्टा (आधा घण्टाको विश्राम सहित) ।

- हप्ताको अधिकतम २० घण्टा यखभचतरूभ गर्न कामदारको इच्छा भएको ।
- हप्ताको एक दिन विदा भएको ।
- कामको अवधि, काम र समय समेतको बिवरण खुलेको ।
- काम गरेको ज्यालाबाट बाट ५० प्रतिशत पेश्की कटाएर प्रत्येक महिना ज्याला भुक्तानी गरिने ।

२.२ मापदण्डः बैंक मार्फत पारिश्रमिकको भुक्तानी गरिने ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत यो मापदण्ड अवलम्बन गरिएको छ ।

मापन सूचक

- कामदारको सुविधा अनुसार बैंक वा नगदमा भुक्तानी लिने दिने व्यहोरा सम्झौतामा उल्लेख गर्ने ।
- नियमित कामदारको अभिलेख अनुसार बैंक खातामा जम्मा गरेको भौचर राखिने ।

२.३ मापदण्डः न्यूनतम ज्यालाको व्यवस्था गरिएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले कामदारको परिश्रमको बैज्ञानिक रुपमा उचित मूल्याकंन गरी सरकारले तोकेको न्यूनतम ज्यालाको आधारमा ज्याला मूल्य निर्धारण हुनेछ ।

मापन सूचक

- महासंघ अथवा जिल्ला संघले परिश्रमको बैज्ञानिक रुपमा उचित मूल्याकंन गरी न्यूनतम ज्याला मूल्य निर्धारण गरेको अनुसार पारिश्रमिक दिइएको अभिलेख ।

२.४ मापदण्डः पुष मसान्त भित्र आन्तरिक लेबर अडिट गरिएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत यो मापदण्ड अवलम्बन गरिएको छ ।

मापन सूचक

- महासंघको सल्लाह र मार्गदर्शन अनुरुप आन्तरिक श्रम अडिटको रिपोर्ट ।

सिद्धान्त ३: कार्यस्थलमा आधारभूत सुविधा

३.१ मापदण्डः सुरक्षित आवासको व्यवस्था गरिएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ ।

मापन सूचक

- कामदारको आवास ईट्टा उद्योगको चिम्नीबाट आवश्यक दूरीमा र कामदारको इच्छा अनुरुप बनाइएको ।
- ५० भन्दा बढि कामदार भएमा अलग्ग बिश्राम गर्ने स्थल ।
- चमेना गृहको व्यवस्था भएको (५० जना भन्दा बढी कामदार भएको खण्डमा) ।

३.२ मापदण्डः महिला तथा पुरुष कामदारहरुको लागि अलग अलग शौचालयको व्यवस्था गरिने ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले कामदारको व्यक्तिगत सरसफाई, स्वास्थ्य तथा सुरक्षा को मुद्दालाई समाधान गर्न मद्दत पुऱ्याउने छ । महिला तथा पुरुषको लागी अलग अलग शौचालयको व्यवस्थाले महिला कामदारको महिला स्वास्थ्य, स्वच्छता र सुरक्षाको लागी सुनिश्चित गर्न मद्दत गर्नेछ ।

मापन सूचक

- प्रति १५ जना श्रमिक बराबर एक व्यवस्थित शौचालय तथा महिला पुरुष को लागी अलग अलग शौचालयको व्यवस्था गरिएको ।
- शौचालय प्रयोग गर्नको लागी कामदारको पहुँच भएको स्थानमा अवस्थित भएको ।
- शौचलय सरसफाई गर्ने व्यवस्था गरिएको ।
- खुला रुपमा दिशा गर्न निषेध गरिएको ।

३.३ मापदण्डः सफा पानीको व्यवस्थामा पहुँच भएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले कामदारको व्यक्तिगत स्वास्थ्य, स्वच्छता तथा पानी जन्य रोग बाट सुरक्षा को मुद्दालाई समाधान गर्न मद्दत पुऱ्याउने छ ।

मापन सूचक

- दैनिक ५ लिटर प्रति व्यक्ति पिउन योग्य खाने पानी को लागी व्यवस्था गरिएको ।
- घरायसी प्रयोजनको लागी दैनिक ३० लिटर सफा पानीको व्यवस्था ।
- पानी शुद्धिकरण तथा पानीजन्य रोगबारे सचेतना गराउने ।

३.४ मापदण्डः प्राथमिक स्वास्थ्य सेवामा पहुँच भएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले कामदारको आकस्मिक रुपमा आईपर्ने स्वास्थ्य समस्या, व्यक्तिगत स्वास्थ्यको प्राथमिक उपचार गरी ठूलो धनजनको क्षति हुनबाट जोगाउन मद्दत पुऱ्याउने छ ।

मापन सूचक

- प्राथमिक उपचार मा तालिम प्राप्त कम्तिमा २ जना उद्योग संचालन दौरान उपलब्ध गरिएको ।
- "ईट्टा उद्योगमा काम गर्ने श्रमिककोलागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" अनुरुप प्राथमिक उपचार बाकस उपलब्ध गरिएको । (आइस प्याक सम्भव हुदैन)

३.५ मापदण्डः बत्तिमा पहुँच भएको ।

औचित्य

यस मापदण्डले कामदार, बिशेषत महिला, को सुरक्षालाई ध्यानमा राखेको छ ।

मापन सूचक

- कार्यस्थल, आवास तथा शौचालय मा बत्तिको व्यवस्था गरिएको ।

३.६ मापदण्डः व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका उपाय अविलम्बन गरिएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले व्यवसायजन्य खतरा तथा जोखिमलाई न्यूनिकरणको लागि महत्वपूर्ण व्यवस्था हुने ।

मापन सूचक

- आगोसंग सम्बन्धित काम गर्नेलाई प्रत्येक २ घण्टाको ३ सिफ्ट र विचमा १ घण्टाको बिश्राम
- ईट्टा पकाउने ठाउमा सावधानी सूचना सहित ६ इन्च इन्सुलेसन ।
- नचिप्लिने सतह मिलाइएको बाटो र सुरक्षित भऱ्याङ्ग ।
- मेसिनमा सुरक्षा सामाग्री सहित दक्ष कामदारको मात्र प्रयोग ।
- छेकबार लगाइएको खाल्डा वा पोखरी ।
- सुरक्षा तथा स्वास्थ्य समिति (२० भन्दा बढी भएमा) ।
- व्यवसायजन्य खतरा तथा जोखिमको बारेमा चेतना मुलक कार्यक्रम ।
- व्यक्तिगत सुरक्षा सामाग्रीका व्यवस्था गरिएको ।
- उद्योगको महिला तथा पूरुष कामदारको संख्या र सन्दर्भ हेरी सबै प्रकारको सरोकारवालाहरुको प्रतिनिधित्व (सकेसम्म ३३ प्रतिशत महिला) हुने गरी एक OSH समिति कार्यशील रहेको ।
- OSH समितिको माइन्यूत ।
- उद्योग स्तरीय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको निति तथा नियम जसमा निम्न कुराहरु पनि उल्लेखित भएको हुनेछ ।
- ईट्टा बोक्ने श्रमिकलाई क्षमता र स्वेच्छा अनुरुप भार बोक्न दिइएको ।

३.७ मापदण्डः व्यक्तिगत दुर्घटना बिमा भएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत प्रत्येक श्रमिकको अनिवार्य रुपमा दुर्घटना बिमा गर्नुपर्ने भन्ने दफाको आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले ईट्टा उद्योगमा खतरायुक्त कार्यको जोखिम स्थानान्तरण गरी उद्योगी र कामदार दुबैलाई रक्षा र लाभ पुऱ्याउने उपायको रुपमा लिइएको छ ।

मापन सूचक

- कम्तीमा रु ७ लाखको दुर्घटना बिमा गरेको आधिकारिक बिमा कागजात ।

३.८ मापदण्डः चिकित्सा बिमाको व्यवस्था गरिएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत प्रत्येक कामदारको अनिवार्य रुपमा दुर्घटना बिमा गर्नुपर्ने भन्ने दफाको आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले श्रमिकको मनोबलसाथै उनीहरुको उत्पादकत्व बढाउन पनि सहयोग पुऱ्याउने छ । ईट्टा उद्योगमा खतरायुक्त कार्यको जोखिम स्थानान्तरण गरी उद्योगी र कामदार दुबैलाई रक्षा र लाभ पुऱ्याउने उपायको रुपमा लिइएको छ ।

मापन सूचक

- कम्तीमा रु १ लाखको चिकित्सा बिमा जसमा उद्योगको तर्फबाट बिमा प्रिमियमको लागी कम्तीमा ५० प्रतिशत लगानी गरिएको आधिकारिक बिमा कागजात ।

३.९ मापदण्डः बिश्राम गर्ने समयको व्यवस्था गरिने ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यस मापदण्डले श्रमिकले गर्ने अत्यन्त शारीरिक र भारी काम गर्दा लिनुपर्ने शारीरिक बिश्रामको महत्व जसकारण स्वस्थ्य कामदारको उत्पादकत्वमा बृद्धि गर्न मद्दत पुऱ्याउने छ । यसको साथै बिश्रामको लागि आधिकारीक तोकिएको समयले गर्दा सबैमा अनुशासन पनि अवलम्बन हुने आशा लिइएको छ ।

मापन सूचक

- उद्योगको काम र मौसम को अवस्था र सन्दर्भ हेरी प्रत्येक ५ घण्टाको लगातार काम पश्चात आधा घण्टाको बिश्राम समय तोकिएको ।

सिद्धान्त ४: महिला श्रमिकको लागि सुरक्षित कार्यस्थल रहने

४.१ मापदण्डः गुनासो तथा विवाद व्यवस्थापन प्रणाली अवलम्बन गरिने ।

औचित्य

नेपाल सरकारले जारी गरेको श्रम ऐन २०७४ अन्तर्गत व्यक्तिगत तथा सामूहिक गुनासो तथा विवाद समाधान गर्नु पर्ने बुंदा को आधारमा यो मापदण्ड जारी गरिएकोछ । यस मापदण्डले महिला कामदारको सुरक्षा लगाएत उद्योग भित्र हुने बिवादको न्यायोचित समाधान गर्न मद्दत पुऱ्याउने छ ।

मापन सूचक

- व्यवस्थापन, श्रमिक तथा नाइकेको प्रतिनिधि (महिलाको अनिवार्य सहभागीता साथै संख्याको आधारमा सहभागिता ५० प्रतिशत महिला) सहितको गुनासो समाधान समिति व्यवस्थित गरी क्रियाशील भएको ।
- गुनासो समाधान गर्न आधिकारिक प्रक्रिया स्थापित भएको ।
- गुनासो समाधान गर्न आधिकारिक प्रक्रिया बारे सबै महिला तथा पुरुष कामदारलाई जानकारी भएको ।



४.२ मापदण्डः एक्लै आएका महिला तथा पुरुषको लागि अलग अलग आवास व्यवस्था गरिएको ।

औचित्य

नेपाल सरकारले जारी गरेको "ईट्टा उद्योगमा काम गर्ने श्रमिकको लागि व्यवसायजन्य सुरक्षा एवं स्वास्थ्य सम्बन्धी निर्देशिका (२०७४)" को आधारमा यो मापदण्ड अवलम्बन गरिएको छ । यो मापदण्ड उद्योगमा एक्लै काम गर्न आएका महिला कामदारको सुरक्षाकोलागि महत्वपूर्ण रहेको छ ।

मापन सूचक

- एक्लै आएका महिला तथा पुरुष को लागि अलग अलग, सामूहिक अथवा इच्छा अनुसार आवास व्यवस्था ।

४.३ मापदण्डः गर्भवती महिलाहरुकोलागि स्वास्थ्य सेवामा पहुँच भएको ।

औचित्य

अधिकांश ईट्टा उद्योगमा महिला श्रमिकको पनि बाहुल्यता रहेको छ । उनीहरुको मातृ तथा शिशु स्वास्थ्यको सेवामा पहुँच पुऱ्याई यस उद्योगलाई महिला कामदारलाई पनि आकर्षित पार्ने आशा लिइएको छ ।

मापन सूचक

- गर्भवती महिलाहरुको लागि स्वास्थ्य सेवामा पहुँच दिन बिभिन्न उपाय अपनाइएको अभिलेख ।
- उद्योग भित्र अभिभावकसंग आएका अथवा बालिग किशोरी (१३ देखि २० बर्ष सम्म) कामदारको सुरक्षाकोलागि चेतना कार्यक्रम व्यवहारिक तथा आवश्यकता अनुसार गरिएको ।

४.४ मापदण्डः दिवा शिशु स्याहार केन्द्रमा पहुँच भएको ।

औचित्य

अधिकांश ईट्टा उद्योगमा महिला श्रमिकको पनि बाहुल्यता रहेको छ । शिशु स्याहार केन्द्र संचालन अथवा सेवामा पहुँच पुऱ्याई महिलाहरुको साथमा भएका ५ बर्ष मुनीका शिशुहरुको स्वास्थ्य तथा स्याहारको साथै कामदारको उत्पादकत्वमा पनि बृद्धि भई महिला कामदारलाई पनि आकर्षित पार्ने आशा लिइएको छ ।

मापन सूचक

- सहजकर्ता सहितको दिवा शिशु स्याहार केन्द्र उद्योग परिसर भित्र सुरक्षित स्थान, अथवा पायक पर्ने उद्योगहरुको संयुक्त दिवा शिशु स्याहार केन्द्र संचालन अथवा नजिकको शिशु स्याहार केन्द्र संगको सम्झौता भएको ।

नोटः

सर्वाधिकार © एफएनबिआई २०२०

कलंकी, काठमाण्डौ, नेपाल
फोन नं.: ०१-५१९५३३३२
email: fednep.brick.indus@gmail.com
web: http://www..fnbi.org.np